श्रमिकको तलब बैंकमार्फत् भुक्तानी गरौं,
भुक्तानी प्रणाली पारदर्शी बनाऔं ।
नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com




❖ वर्ष ३५ ❖ २०७८ भदौ १७ गते बिहीवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 September 02 Thursday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १६

## नारायणी अस्पतालमा अक्सिजन प्लान्ट उद्घाटन

प्रस, परवानीपुर, १६ भदौ/

नारायणी अस्पताल वीरगंजमा अक्सिजन प्लान्ट शुभारम्भ भएको छ। १०५ वटा ४० लिटरको सिलिन्डर बराबरको हाई–अक्सिजन उत्पादन गर्नेछ। वीरगंज कोरिडोरका सूर्य नेपाल प्रालि, त्रिवेणी समूह, क्याल समूह, एनपिएल समूहको करीब ८० लाख रुपैयाँको



तस्वीर: प्रतीक

सङ्घीय सांसद विमल श्रीवास्तवको संसदीय विकास कोषबाट डेढ करोड रुपैयाँको लगानीमा नवनिर्मित अक्सिजन प्लान्ट सञ्चालनमा आएको हो।

वीरगंजका प्रमुख विजयकुमार सरावगीका बुबा एवं समाजसेवी स्व चिरञ्जीवीलाल सरावगीको स्मृतिमा स्थापना गरिएको नवनिर्मिति अक्सिजन प्लान्टको उद्घाटन पर्सा क्षेत्र नं २ का सङ्घीय सांसद एवं पूर्व श्रम तथा रोजगारमन्त्री विमल श्रीवास्तवले गरेका थिए।

नारायणी अस्पतालको प्रहरी बिटभन्दा पूर्वपट्टिको क्षेत्रमा उक्त अक्सिजन प्लान्ट जडान गरिएको छ। उक्त अक्सिजन प्लान्टले २४ घण्टामा

अस्पतालको आफ्नै अक्सिजन प्लान्ट स्थापनापछि विभिन्न विभागमा पाइपलाइनबाट अक्सिजन पुऱ्याउन सजिलो हुने नारायणी अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा वीरेन्द्र प्रधानले बताए। अस्पतालको आकस्मिक कक्ष, मेडिसिन, सर्जरी, बाल सघन उपचार कक्ष, अर्थोलगायत विभागमा अक्सिजन पुऱ्याउन आवश्यक पर्ने उपकरण तथा सामानहरू वीरगंज महानगरले खरीद गरी सहयोग गरेको छ। नगरप्रमुख सरावगीले १२ लाख रुपैयाँमा अक्सिजन प्लान्टदेखि विभिन्न विभागको पाइपलाइनसम्म अक्सिजन पुऱ्याउन महानगरले खर्च गरेको बताए।

नगरप्रमुख सरावगीका अनुसार सहयोगमा नारायणी अस्पतालका विभिन्न वार्डमा अक्सिजन पाइपलाइन विस्तारको कार्य सम्पन्न भइसकेको छ।

यस कार्यले नारायणी अस्पतालको उपचार सेवा प्रभावकारी हुने र आगामी दिनमा कोरोना जस्तै अन्य सङ्क्रामक रोगको बेला अक्सिजन आपूर्ति सहज हुने विश्वास लिइएको छ।

स्वास्थ्य मन्त्रालयको स्वास्थ्य सेवा विभागले पनि सोही ठाउँमा करीब डेढ करोडभन्दा बढीको बजेटमा लिक्विड अक्सिजन प्लान्ट जडान गर्ने योजना अघि बढाएको छ भने नरायणी अस्पतालले रु दुई करोड १० लाखको ठेक्का नारायणी अस्पतालको सडकभन्दा पूर्वपट्टि अर्थात्

(बाँकी अन्तिम पातामा)

## मुआवजा माग गर्दै भन्सार प्रमुखलाई ज्ञापन

प्रस, वीरगंज, १६ भदौ/

वीरगंज महानगरपालिका–२५ स्थित कार्यालय, पर्सामा वर्षौंदेखि जग्गासम्बन्धी कारोबार रोक्का रहेको कारण निर्णयबाट ६२ बिघा जग्गा अधिग्रहण गर्ने निर्णय भएको थियो भने २०७६


प्रमुख भन्सार अधिकृत डा खत्रीलाई ज्ञापन बुझाउँदै मुआबजा समितिका पदाधिकारी। तस्वीर: प्रतीक

सुक्खा बन्दरगाह विस्तारको लागि अधिग्रहण गरिएको ६२ बिघा जग्गाको मुआवजा वितरणमा ढिला भएको भन्दै स्थानीयले बुधवार सुक्खा बन्दरगाह भन्सार अधिकृतलाई ज्ञापनपत्र बुझाएका छन्।

मुआवजा समितिका अध्यक्ष प्रमुख जिल्ला अधिकारी पीताम्बर घिमिरेलाई भन्सार अधिकृत डा लालबहादुर खत्रीमार्फत ज्ञापनपत्र बुझाइएको थियो। गाउँ अधिग्रहण समितिको भदौ १४ गते बसेको बैठकले गत आवमा आंशिकरूपमा मुआवजा वितरण गरिएको र हाल सो कार्य स्थगन गरिएको भन्दै मुआवजा वितरणको माग गर्दै ज्ञापनपत्र बुझाइएको बताएको छ। गाउँ अधिग्रहण समितिका अध्यक्ष भैयाराम प्रसादले ज्ञापनपत्र बुझाउँदै भौतिक सम्पत्तिसमेतको मुआवजा यथाशीघ्र वितरण गर्न माग गरे। उनले मुआवजा वितरणमा ढिला हुँदा पीडित परिवारलाई मूल्यवृद्धि अनुसार हर्जानासमेत दिनुपर्ने माग गरे।

अध्यक्ष भैयाराममले मालपोत कार्यालय... हालसाबिक र प्रमाणित गर्न नसकेका जग्गामा सहज ढङ्गले हालसाबिक गरेर मुआवजा दिनुपर्ने, गाउँबस्तीको जग्गा अधिग्रहण गरेका कारण विस्थापित परिवारलाई पुनर्बासको साथै शिक्षा, स्वास्थ्य, सञ्चार, ढल, खानेपानीलगायतका संरचनासहितको घडेरी सुपथ मूल्यमा उपलब्ध गराउनुपर्ने माग गरे।

ज्ञापनपत्र बुझ्दै प्रमुख भन्सार अधिकृत खत्रीले मुआवजा वितरणका लागि सरकारको ध्यानाकर्षण गराउने आश्वासन दिए। उनले जति छिटो मुआवजा वितरण हुन्छ, राज्यलाई उत्तिकै हलुको हुन्छ भन्दै सरकारले पहिलो किस्तामा पठाएको रकमबाट केही मुआवजा वितरण गरिएको र रकम अभावले थप मुआवजा वितरण हुन नसकेको बताए। उनले मुआवजा रकम चाँडै पठाउने सरकारले आश्वासन दिँदै आएको र आफूले ताकेता गर्दै आएको बताए।

२०७३ पुस १७ गते अर्थमन्त्रीस्तरीय मङ्सिर १७ गते मुआवजाको रकम निर्धारण गरिएको थियो। सुक्खा बन्दरगाह प्रवेशद्वारदेखि पद्मरोडसम्म जोडिएका जग्गा, गाउँ, ब्लक जाने बाटो, शाखा बाटोसँग जोडिएका जग्गा, आइसिपी उत्तर पर्खालसँग जोडिएका जग्गाको छुट्टाछुट्टै मूल्याङ्कन गरिएको थियो। तर अधिग्रहण गरिएको जग्गाको पूर्ण मुआवजा भने अहिलेसम्म वितरण गरिएको छैन। अहिलेसम्म २० बिघा जग्गाका ५२ जना जग्गाधनीले मात्र मुआवजा पाएको बताइएको छ। अधिग्रहण गरिएको ६२ बिघामा ३९९ जना जग्गाधनीले मुआवजा लिनुपर्नेमा अहिलेसम्म ३४७ जनाले मुआवजा पाएका छैनन्।

हालसम्म मुआवजाबापत पहिलो चरणमा गत वर्ष फागुन महीनादेखि वैशाखसम्म डेढ अर्ब रुपैयाँ मुआवजा वितरण गरिसकिएको छ तर थप मुआवजा वितरणको लागि रकम निकासा नहुँदा अहिले अन्योलता छाएको हो।

## जसपाभन्दा लोसपा बलियो छ –अध्यक्ष ठाकुर

प्रस, जनकपुरधाम, १६ भदौ/

नवगठित लोकतान्त्रिक समाजवादी पार्टीका अध्यक्ष महन्थ ठाकुरले आफ्नो



पार्टी बलियो रहेको दाबी गरेका छन्। ठाकुरले बुधवार जनकपुरमा सञ्चारकर्मीहरूसँग कुरा गर्दै उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टीभन्दा आफ्नो नेतृत्वको लोसपा मजबूत रहेको बताएका हुन्।

उनले पार्टी विस्तार, सदस्यता वितरण, विभिन्न एकाइको अधिवेशन गर्दै योग्यता र क्षमताको आधारमा जिम्मेवारी र नेतृत्व विकास गर्नेतर्फ पार्टी केन्द्रित रहेको बताए। जसपा विभाजनपश्चात् नयाँ दल लोसपा रोज्न चाहने जनप्रतिनिधिहरूले निर्वाचन कार्यालयमा सनाखत गर्ने क्रम चलिरहेको बेला ठाकुरसहित पार्टीका शीर्ष नेताहरू प्रदेशको अस्थायी राजधानी जनकपुर आएका हुन्।

अध्यक्ष ठाकुरसँगै वरिष्ठ नेता शरतसिंह भण्डारी र राजेन्द्र महतो पनि जनकपुरधाम आइपुगेका छन्।

### जनकपुरका उपप्रमुखसहित जनप्रतिनिधिहरू लोसपामा

जनकपुरधाम उपमहानगरपालिकाकी उपप्रमुखसहित ५२ जना जनप्रतिनिधिले महन्थ ठाकुर नेतृत्वको लोसपा रोजेका छन्। उपप्रमुख रीताकुमारी मिश्रसहित धनुषाका ५२ जना जनप्रतिनिधिले प्रदेश निर्वाचन आयोगको कार्यालयमा पुगेर लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) मा जान सनाखत गरेका हुन्।

सनाखत गर्नेमा हंशपुर नगरपालिकाकी उपप्रमुख रेणु झालगायतका जनप्रतिनिधिहरू रहेको निर्वाचन आयोगको कार्यालयले जनाएको छ। आयोगले विभाजित दलहरूका प्रदेशसभा सदस्य र स्थानीय जनप्रतिनिधिहरूलाई दल रोज्न यही भदौ २२ गतेसम्म समयसीमा दिएको छ।

त्यसैगरी, महोत्तरी जिल्लामा जिल्ला समन्वय समिति महोत्तरीका प्रमुख सुरेश सिंहलगायत सदरमुकाम जलेश्वर नगरपालिकासहित तीनवटा नगरपालिकाका प्रमुख र गाउँपालिका अध्यक्षहरूले उपेन्द्र यादव नेतृत्वलाई छाडेर ठाकुर नेतृत्वको लोसपा रोजेका हुन्।

जलेश्वर नगरपालिकाका प्रमुख रामशङ्कर मिश्र, भङ्गहा नपाका प्रमुख सञ्जीवकुमार साह, मनरासिस्वा नगरपालिकाका प्रमुख सञ्जयकुमार सिंह, एकडारा गाउँपालिकाका अध्यक्ष रामछविला यादवलगायत १०२ जना जनप्रतिनिधिले सनाखत गरेको जिल्ला निर्वाचन आयोगको कार्यालय महोत्तरीले जनाएको छ।

अहिले सनाखत शुरू मात्रै भएको र अन्तिम दिनसम्म सनाखत गर्ने सूचीमा धेरैजना जनप्रतिनिधि रहेको लोसपाको दाबी छ।

### १० जना सांसदद्वारा लोसपामा सनाखत

प्रदेश नं २ मा जनता समाजवादी पार्टीका १० जना सांसदले लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) रोजेका छन्। सनाखतको पहिलो दिन बुधवार प्रदेशसभाका १० जना सांसदले ठाकुर नेतृत्वको लोसपा रोजेर सनाखत गरेका हुन्।

निर्वाचन आयोगको कार्यालय पुगेर सनाखत गर्नेहरूमा प्रदेश सांसद अलका झा, बबिता कुमारी, नीलमदेवी भूमिहारिन, परमेश्वर साह, सरिता साह, बाबुलाल साह, जानकीशरण साह, जयनुल राइन, रमेशप्रसाद कुर्मी र गौरीनारायण साह छन्।

ठाकुर पक्षीय धेरैजना प्रदेशसभा सांसदले सनाखत गर्न बाँकी रहेको र २२ गतेसम्म सनाखत गर्ने कार्यतालिका रहेको लोसपा सांसद परमेश्वर साहले बताए।

## ठोरी गापा–४ बासिन्दालाई पुनः खानेपानीको समस्या

माधव तिमल्सिना, ठोरी, १६ भदौ/

ठोरी गाउँपालिकामा पुनः पानीको हाहाकार भएको छ। निर्मलबस्ती हाहाकार भएको थियो। खानेपानी उपभोक्ता समितिका अध्यक्ष हस्तबहादुर पाख्रिनले खानेपानीको टङ्की नेपाली सेनाको धुन, भाँडा माझ्न, गाईवस्तु र मानिसलाई पिउने पानीको पनि समस्या भएको छ।

खानेपानीको लागि यहाँका


जापानको सहयोगमा बनाइएको ट्युबवेलबाट पानी लिंदै। तस्वीर: प्रतीक

खानेपानी आयोजना गत शनिवारदेखि बिग्रिएपछि वडा नं ४ मा पानीको हाहाकार भएको छ।

निर्मलबस्तीमा रहेको निर्मल खानेपानी आयोजना पुरानो र जीर्ण अवस्थामा रहेकोले पटक–पटक बिग्रिंदा पानीको समस्या हुने गरेको छ। यसअघि वैशाख र असारमा खानेपानी आयोजना बिग्रिंदा एक साताभन्दा लामो समय खानेपानीको

पोस्ट रहेको ठाउँमा भएको र पानीको भल्भ चेम्बर बिग्रिएकोले पानी आउन बन्द भएको बताए। उनले गाउँमा आउने खानेपानीको मुख्य भल्भ चेम्बर नै बिग्रिएकोले सुन्दरटोल, शान्तिटोल, आठघरे, मिलचोक, गुम्बालाइन, ठाडोलाइन, फायरलाइनलगायतको टोलमा खानेपानीको अहिले समस्या भएको छ। गर्मीयाममा नुहाउन, कपडा

टोलवासीले डीप बोरिङको पानी प्रयोग गर्दै आइरहेको भएपनि अहिले सोबाहेकको अन्य कामको लागि पानीको प्रयोग नहुँदा अभाव भएको हो। निर्मलबस्ती खानेपानी आयोजनामा खराबी भएर पानी बन्द भएपछि मानिसहरू शनिवारदेखि वडाका चोकचोकमा जापान सरकारको सहयोगमा निर्मित धारामा निर्भर भएका

(बाँकी अन्तिम पातामा)

## विचारसार एवं सूक्तिहरू

**गरीब नजीकको सम्बन्धी भएपनि ऊसँग नाता लुकाउँछन्, धनी ठाढाको छ भने पनि निकै नजीकको सम्बन्ध फलाक्न चुक्दैनन् मानिसहरू ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
प्रबन्ध सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति टोल, श्रीपुर, वीरगंज-१४ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


## भुत्रा नोट

**नेपालमा आजको दिनमा सग्लो नोट पाउन कठिन छ। छुन पनि घिनलाग्ने खालका नोटहरू बजारमा मात्र होइन, बैंकहरूमा पनि छ्यापछ्यापती पाइन्छ । बैंकहरूले भुक्तानी दिएको नोटको एउटा गड्डीमा दशवटा नोट मात्र पनि सग्लो भेटिंदैन। प्रायः सेलो टेपले टाँसेको, धुजाधुजा भएको, फोहर–मैलो, छुँदा पनि हातमा फोहर लाग्ने, सकसक लाग्ने, छोएपछि हातै धुनुपर्ने नोटहरू चलनमा रहेकोले अहिले नेपाली उपभोक्ताको हुनुसम्म दोहोलो भएको छ । शायद कोरोना महामारीले विदेशतिर जाने नेपालीको रहर शमन गरेकोले होला, यस्तो भएको ! अन्यथा राष्ट्र बैंकका कर्मचारीहरू त एकपटकमा ल्याउन सकिने छापिसकेको नोट कैयौंपटक विदेश यात्रा गरेर ल्याउँछन्। कि सरकारले नगद चलन निरुत्साहित पार्न, डिजिटल कारोबारलाई प्रोत्साहन दिन यस्तो गरेको हो ? वास्तविकता जे होस्, अहिले नेपालमा नोटको दुरवस्था हेर्ने जो कोहीले देशको आर्थिक अवस्था जर्जर भइसकेको लख काढ्न बेर लाउँदैन। कुनै पनि देशका लागि यस्ता भुत्रा नोट प्रचलनमा ल्याउनु लाजमर्दो कुरा हो। तर किन हो सरकार र नेपाल राष्ट्र बैंक लाज पचाएर बसेका छन् ।**

**कोरोनाको शुरूआती बेला निकै खबरहरू छापिन्थे, एकपटक प्रचलनमा आएको नोटमा पनि तीन हजार कीटाणुको वास हुन्छ। त्यसैले कोरोना महामारीको बेला सकभर पुराना नोटहरू चलनमा नल्याउनू । तर नेपालमा जुन प्रकारका भुत्रा नोटहरू अहिले चलनमा छन्, तिनमा त शायद लाखौं कीटाणुको वास हुनुपर्छ। के ठेकान त्यसैमध्ये केही कोरोनाका जीवाणु पनि होऊन् ! अहिले नेपाल राष्ट्र बैंकले भुत्रा नोट जलाएर त्यसको खरानीबाट ब्रिकेट बनाउने योजनासहित मेशीनहरू मगाएको समाचार आएको छ। यी मेशीनले भुत्रा नोट जलाउँदै लगत्तै ब्रिकेट उत्पादन गर्छ । आम का आम गुठली का दाम भनेजस्तै भुत्रा नोट तह लाग्ने र ब्रिकेटबाट राष्ट्र बैंकलाई अतिरिक्त आमदानी पनि हुने । तर कुरा त त्यहीं अड्केको छ। पुराना नोट जलाएपछि नयाँ नोट कहाँबाट ल्याउने ? किनकि कोरोनाको राप र ताप त अझ पनि कायम छ। विदेश उडान सीमित छ। नेपाल सरकार आफैं नोट छाप्ने मेशीन (छापाखाना) लगाउन चाहँदैन । एकपटक उच्चस्तरको छापाखाना स्थापित गर्ने कोशिश गर्दा एकजना मन्त्री करोडौं कमिशन खाने लोभले पद नै गुमाउन पुगेका थिए ।**

**यहाँ त देश र जनताको हित होइन, व्यक्तिको हित नहुन्जेल कुनै काम गर्ने चलन नै छैन। लाभ नहुने काम किन गर्ने भन्ने मनोग्रन्थि उपल्लो तहमा व्याप्त छ। यस्तोमा कसैले भुँडी फुटुन्जेल कमिशन हसुर्न पाए न मेशीन जडान होस् ! मेशीन जडान भयो भने राष्ट्र बैंकका कर्मचारीहरूले विदेश यात्राको अवसर गुमाउँछन्। त्यसैले निकट भविष्यमा नेपालले आफ्नै मेशीन जडान गरी नोट छाप्ला र नयाँ नोट पाइएला भन्ने आशा रद्द भए सरह छ। नयाँ नोटको विकल्प डिजिटल कारोबार हुन सक्दछ, तर वीरगंजजस्तो शहरमा त गिनेचुनेका पसलहरूमा यस्तो प्रावधान छ भने गाउँ–देहातको अवस्था के होला ? फेरि नेपाली जनता डिजिटल –मैत्री पनि छैन । नेपाल राष्ट्र बैंकले सग्लो–नयाँ नोट प्रायः दशैंमा वितरण गर्दछ । बितेको दशैंमा नयाँ नोट वितरण भएन, त्यसैले यो अवस्था आएको हो भने अरू बेला पनि नयाँ नोट निष्कासन गर्दा लक्ष्मी महारानी रिसाइहाल्ने त पक्कै होइनन् । भुत्रा नोटले देशको इज्जत मेट भइरहेको छ । देशकै इज्जतका लागि भए पनि बजारमा नयाँ आओस् !**

# फुर्सद र समयको बचत

आजको युगमा मानिस अत्यन्त व्यस्त बन्दै गएका छन् । मानिससित फुर्सद छैन। मानिसले आफूलाई फुर्सदी बनाउन चाहेर पनि नसक्ने अवस्था बन्दै गएको छ । यो अवस्था वास्तवमा कामकाजी मानिसको लागि हो । जो जति धेरै काम लाग्ने मानिस छन्, उनीहरूसित फुर्सदको उति नै धेरै अभाव छ । व्यस्त मानिसलाई काम गर्न निकै हतार हुन्छ। अझ समयमा हरेक काम गर्नको लागि मानिसलाई अप्ठ्यारो परिरहेको हुन्छ। यसै कारण व्यस्ततालाई जीवन मान्नेहरू पनि छन् । जो जति व्यस्त छ, ऊ त्यति मस्त छ पनि भनिन्छ। व्यस्त मानिसले आफ्नो जीवनमा प्रगति गरेको हुन्छ । साँच्ची, जो जुन क्षेत्रमा धेरै व्यस्त छ, ऊ उत्तिकै सफल हो भन्ने पनि गरिन्छ । यस अर्थमा मानिसको व्यस्ततालाई सफलतासित दाँज्न सकिन्छ। यद्यपि व्यस्तता भनेको सार्थक हुनुपर्दछ। के उसो भए निरर्थक व्यस्तता पनि हुन्छ ?

निरर्थक व्यस्तता पनि हुन्छ । कतिपय मानिस यस्ता छन् सोझै भन्दछन् कि कुकुरलाई दिनभरि फुर्सद छैन र काम पनि छैन। यसरी भन्नेले आफूलाई बढी भनिरहेका हुन्छन्। आफूलाई भनेर आफ्नो व्यस्तता सार्थक नभएको सङ्केत गर्दछन्। अझ गाउँघरमा यो पनि देखिन्छ कि मानिसहरू गफ गरेर, जुवा–ताश खेलेर दिन बिताउँछन् तर सार्थक काममा समय लगाउँदैनन् । जसले आयआर्जन वा पेशा तथा रोजगार वा शिक्षा वा जीवनको उद्देश्यसित सम्बन्धित पक्षमा समय व्यतीत गर्दैन, त्यो मानिसलाई फुर्सद छैन भनेर मान्दा पनि हुन्छ। अझै पनि यस्ता धेरै मानिस छन् जो निरर्थक खेलिरहन्छन्। यदि खेललाई पनि आफ्नो पेशा बनाउने हो भने हुन्छ तर यसरी पेशा नबनाएर वा आफ्नो पहिचानसित त्यस खेललाई नगाँसेर यत्तिकै खेल्छन्। स्वास्थ्यसित मेल खाने गरी वा पहिचानसित मेल खाने गरी सार्थकरूपमा खेललाई पनि सार्थक बनाउनु उचित हुन्छ। अहिले हजारौंले यसरी गरिरहेका पनि छन्।

सडकमा जब धेरै जाम लाग्दछ तब सयौं मानिसलाई छटपटी भइरहेको हुन्छ । धेरै मानिसलाई ठीक समयमा कुनै निर्धारित ठाउँमा पुग्नुपर्ने हुन्छ । कोहीलाई आफ्नै स्वास्थ्यको पनि समस्या हुन्छ । कोही यस्ता पनि हुन्छन् जो निर्धारित समयमा र तोकिएको ठाउँमा नपुग्दा धेरैको काममा बाधा पुग्छ। यस्तो अवस्थामा जाममा पर्नु भनेको धेरैको समय बर्बाद हुनु हो र अझ काममा पनि रोकावट आउनु हो।

एक मित्रले समयको महत्त्वलाई यसरी प्रस्ट्याएका थिए–कुनै रेलमा पाँच

**स्वतन्त्र विचार**



**सञ्जय साह मित्र**

mitrasanjay41@gmail.com

> **समयको बचत गरेर मानिसले कुनै सार्थक काममा लगाउन सक्छ जसलाई फुर्सदको काम भन्न सकिन्न । समयको बचत भएको हुँदा त्यसको उपयोग गरिएको हो । फुर्सद भनेको काम नभएको अवस्था हो । काम नभएको र काम नगरेको अवस्थामा धेरै फरक छ ।**

हजार मानिस चढेका छन् । रेल एक ठाउँबाट निश्चित गन्तव्यको लागि हिंडेको छ। पहिलेदेखि आवतजावत गर्नेले बुझेका छन् कि फलानो समयमा रेल फलानो ठाउँमा पुग्छ । यदि त्यो रेललाई खुल्ने समय त्यही राखेर पुग्ने समय एक घण्टा छिटो बनाइदिने हो भने रेलका पाँच हजार मानिसको एक घण्टा जोगिन्छ र पाँच हजार मानिसको एक घण्टा जोगिनु भनेको पाँच हजार घण्टा जोगिनु हो । पाँच हजार घण्टा भनेको दुई सय आठ दिनभन्दा बढी हो । यो भनेको करीब सात महीनाको समय हो। यसरी एउटा रेललाई एक घण्टा छिटो पुऱ्याउँदा कामका लागि करीब सात महीना समय जोगिन्छ। यसै कारण आजभोलि फास्ट र सुपरफास्ट युगको आवश्यकता हो भन्न थालिएको छ । यसले सबैको समय बचाउँछ । समय बचाएर त्यसलाई उपयोगमा ल्याउने हो भने यसले देशको अर्थतन्त्रमा ठूलो प्रभाव पार्छ, साथै मानिसको व्यक्तित्व विकास तथा समाजको विकासमा पनि महत्त्वपूर्ण योगदान पुग्ने कुरामा दुई मत नहोला । हामीकहाँ बस अथवा सानो गाडीमा यात्रा गर्नेहरू दिनहुँ जाममा परिरहेका हुन्छन्। पहिले त सडक जाम गर्ने आन्दोलन नै हुन्थ्यो । यसरी जाममा कति मानिस परेका छन्, ती मानिस समयमा आफ्नो गन्तव्य पुगेका भए के कति फाइदा हुन्थ्यो र जाममा परेर के कति घाटा भयो भन्ने कुराको अध्ययन वा विश्लेषण कतै भएको पाइएको छैन । यद्यपि अब नेपालमा पनि सडक छिटो हुनुपर्छ भन्ने अवधारणा आइसकेको छ र यस अनुरूप कामहरू भइरहेका छन्।

समयको बचतको सम्बन्धमा अर्को दृष्टान्त पनि निकै राम्रो छ। राजधानीमा जब कतै कुनै मन्त्रीको सवारी हुन्छ, तब पहिलेदेखि नै सडक खाली गराइन्छ । मन्त्रीको सवारी हुँदा सडक किन खाली गराइएको हो भने मन्त्रीलाई गन्तव्यमा पुग्न सजिलो होस् । सजिलो र अप्ठ्यारोको प्रश्न होइन, मन्त्री समयमा पुग्न भ्याए भने देशको लागि धेरै काम गर्न सजिलो हुन्छ। मन्त्रीको समय अत्यन्त मूल्यवान् हुन्छ । यसले गर्दा मन्त्रीलाई बाटोमा रोक्नुहुन्न भन्ने मान्यता रहेको छ। हो, मन्त्री तथा विशिष्ट मानिसहरूको समयको अत्यन्त धेरै महत्त्व हुन्छ । यो अत्यन्त स्वाभाविक पनि हो । समयको मूल्य र महत्त्व, जो जति बढी महत्त्वपूर्ण हुन्छ, उसका लागि उति नै बढी हुनु राम्रो हो । यसै सिद्धान्तलाई हरेक व्यक्तिमा पनि लागू हुने वातावरण वातावरण बनाउन सकियो भने देशमा कति धेरै क्षेत्रमा निकै धेरै सकारात्मक प्रभाव पर्छ । यात्रामा निस्केका हरेक व्यक्तिको समयको धेरै महत्त्व हुन्छ । यसै महत्त्वलाई विचार गरेर कुनै पनि ठाउँमा कुनै पनि व्यक्ति बाटोमा जाममा नपर्ने वा रोकिनु नपर्नेगरी सेवा तथा सुविधा पुग्यो भने कति राम्रो हुन्थ्यो !

भनिन्छ, कतिपय देशमा मुख्य सडकमा निर्धारित गतिभन्दा कम गतिमा गाडी चलाउन पाइन्न। तोकिएको गतिमा गाडी चलाउने निश्चित मार्गहरू हुन्छन्। कसलाई कति छिटो पुग्नुपरेको छ, सोही अनुसार सडक पनि बनाइएको हुन्छ वा छुट्याइएको हुन्छ। धेरै छिटो कुद्ने मार्ग नै छुट्टै बनाएर, आवश्यक हुनेले तोकिएको गतिभन्दा कम नगरी निर्धारित समयमा चाहिएको ठाउँमा पुग्न सकिने हुँदा धेरैलाई सहज हुँदो हो । यस्तोमा समयको मात्र बचत हुने होइन, बचत भएको समयमा अरू पनि महत्त्वपूर्ण काम गर्न सकिन्छ। महत्त्वपूर्ण काम गर्न सजिलो नहुनेले बचेको वा उब्रेको समयमा आराम वा मनोरञ्जन गर्न सक्छ, जसले गर्दा त्यसपछि गरिने काममा ताजापन हुन्छ र काम बढी प्रभावकारी हुन्छ। वास्तवमा हामी सबैले जाम बेहोरेका छौं र जाममा बस्दा हुने छटपटी पनि बुझेका छौं। जाममा कसैले पनि आराम गर्न पाएको हुँदैन । समय अपव्यय हुने मात्र हो । समयसँगसँगै इन्धनको पनि खपत बढ्छ। त्यो इन्धन जुन हामी विदेशबाट किनेर ल्याउँछौं । समयमा नपुग्दा भौतिक घाटा त हुन्छ नै, जाममा परेर मनोवैज्ञानिक घाटा हुन्छ, शारीरिक थकान बढ्छ। यसरी शरीर, मन र अर्थगरी सबै क्षेत्रमा नकारात्मक प्रभाव पार्ने जामलाई कसरी हुन्छ, सम्बन्धित निकायले उन्मूलन गर्नु निकै मनासिब देखिन्छ।

यदि जाममा बर्बाद हुने समयको व्यवस्थापन हुने हो भने मानिसलाई केही फुर्सद पनि हुन्छ र केही समयको बचत पनि हुन्छ। फुर्सद र समयको बचत सोझो रूपमा बुझ्दा उस्तैउस्तै लागे पनि एकै भने होइन। समयको बचत गरेर मानिसले कुनै सार्थक काममा लगाउन सक्छ जसलाई फुर्सदको काम भन्न सकिन्न । समयको बचत भएको हुँदा त्यसको उपयोग गरिएको हो । फुर्सद भनेको काम नभएको अवस्था हो। काम नभएको र काम नगरेको अवस्थामा धेरै फरक छ। मानिसलाई काम हुँदाहुँदै पनि काम नगरेको हुन सक्छ तर यस्तो काम नगरी बसेको समयलाई फुर्सद भन्न उचित हुन्न। आजको युग प्रविधिको युग भएकोले प्रविधिको सहयोगले मानिसले धेरै हदसम्म समयको बचत गरेको देखिन्छ र बचेको समयलाई सिर्जनात्मक वा आर्थिक उपार्जनमा उपयोग गरेको पनि देखिन्छ। अझ बचत भएको समयमा आफ्नो नियमित कामलाई अझ प्रभावकारी बनाउन उपयोग गरेको पनि देखिएको छ। यसरी युगले मागेको समय अनुसार चलेर धेरैले आफूलाई बेफुर्सदी बनाएका छन् र बेफुर्सदी अवस्थामा पनि समयको बचत गरेर आफूलाई झन् व्यस्त तथा सुखी बनाउन उपयोग गरेका छन्।

यद्यपि फुर्सदको समयलाई पनि उपार्जनमा लगाउन सकिन्छ । कर्मठ मानिसले आफ्नो समय निरन्तर उपयोगमा ल्याइरहन सक्छन्। आफूलाई कहिले फुर्सद भयो भन्ने कुरो नै बुझ्न यस्तो मानिसलाई कठिन हुन्छ भने फुर्सदको समय कुन वा के काममा उपयोग गरेको छु भन्ने लेखाजोखा पनि हुन्छ। आजको युगमा हरेक सफल मानिसको समयको व्यवस्थापन पक्षलाई विचार गर्ने हो भने फुर्सदलाई पनि उपयोगमा ल्याएको देखिन्छ भने सदैव समयको बचत गर्ने प्रयास गरेको देखिन्छ।

# छात्राहरूलाई साइकल वितरण

प्रस, पर्सागढी, १६ भदौ/

मुख्यमन्त्रीको बेटी पढाऊ, बेटी बचाऊ अभियान अन्तर्गत बुधवार पर्सागढी नगरपालिका–३ स्थित जनता मावि पकडिया बडनिहारमा कक्षा ८ मा

तस्वीर: प्रतीक




अध्ययनरत छात्राहरूलाई साइकल वितरण गरिएको छ।

२०७७ सालमा कक्षा ८ मा अध्ययनरत ४१ जना छात्रालाई आज साइकल वितरण गरिएको हो। जनता समाजवादी पार्टी पर्साका अध्यक्ष रामनरेश यादवको प्रमुख आतिथ्यमा साइकल वितरण भएको हो।

सो अवसरमा उनले विद्यालयको चौरमा वृक्षारोपण र मरम्मतसम्भारको लागि सहयोग गर्ने प्रतिबद्धता जनाए। उनले विद्यार्थीहरूलाई अध्ययनका साथसाथै अतिरिक्त क्रियाकलापमा पनि सहभागिता गराउन आग्रह गरे। उनले प्रदेश सरकारले छोरीलक्षित विभिन्न कार्यक्रम अगाडि ल्याएर महिला सशक्तीकरण अभियानमा टेवा पुगेको बताए।

कार्यक्रममा जसपाका नगर संयोजक शेख खुर्सेद, शिक्षक नागेश्वर मुखिया बिन, लेखाप्रमुख शिवनारायण चौधरी, आमोदेवी युवा क्लबका पूर्वअध्यक्ष यमबहादुर थापालगायतको सहभागिता थियो। कार्यक्रममा प्रअ मोहन चौधरीले स्वागत र शिक्षक सञ्जय पटेलले सहजीकरण गरेका थिए।

बुधवार नै पर्सागढी नपा–३ को झबराहा टोलस्थित नेरानिमाविमा १६ जना छात्रालाई साइकल वितरण गरिएको छ। कक्षा ८ मा अध्ययनरत १६ जना छात्रालाई साइकल वितरण गरिएको विद्यालयले जनाएको छ।

यसैगरी वीरगंज–२१ सुखचैनामा

तस्वीर: प्रतीक




रहेको गीतागजेन्द्रराज जोशी माविमा साइकल वितरण भएको छ।

मुख्यमन्त्री लालबाबू राउतको 'बेटी पढाऊ, बेटी बचाऊ' अभियान अन्तर्गत कक्षा ८ मा अध्ययनरत ५९ जना छात्राहरूलाई साइकल वितरण गरिएको थियो । गत आव २०७७–०७८ को बजेटबाट विद्यालय परिसरमा एक कार्यक्रमको आयोजना गरि प्रदेश २ का प्रदेश सांसद जन्नत अन्सारीले उक्त साइकलहरू वितरण गरेका थिए।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष जितेन्द्रप्रसाद कुर्मीको अध्यक्षतामा भएको कार्यक्रममा जसपा पर्साका अध्यक्ष रामनरेश यादव, जसपा नेता तवरेज अहमद, २१ नं. वडाका वडाध्यक्ष हबिब मियाँ, परवानीपुर गापा–४ का वडाध्यक्ष गजेन्द्र पटेललगायतको सहभागिता रहेको विद्यालयका प्रअ राजकुमार सिंहले जानकारी गराए।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# पार्कमा बस्दा फुरेको सोचले जन्मिएको एशियन कङ्क्रिटो

काठमाडौं, १६ भदौ ⁄ रासस

विसं २०७२ को भूकम्प जाँदा उद्योगी तथा व्यवसायी मनीष रुँगटा काठमाडौंमा नै थिए। भूकम्प गएपछि आफ्नो घरमा बस्ने डरले दुई वर्षकी छोरी र पत्नीसँगै उनी पनि खुला पार्कमा रात काट्न बाध्य भए।

रातको समय पार्कमा बस्दा फुरेको सोचमा चारजना व्यवसायी मिलेर एशियन कङ्क्रिटो स्थापना गरिएको उनले बताए। "कमसल निर्माणजन्य सामग्रीका कारण हामी रातको समय घरबाहिर बस्नुपर्‍यो, पछिल्लो समय मैले जस्तै दुःख आम उपभोक्तालाई नहोस् भनेर हामीले गुणस्तरीय निर्माण सामग्री उत्पादन गर्ने सोचले कङ्क्रिटो उद्योग स्थापना गर्ने सोच बनायौं" –उनले भने।

उनको सोचमा व्यवसायी गौरव अग्रवाल, राजेश अग्रवाल, अनिल जाटिया र मनोज केडियाले साथ दिए। उनीहरू पाँचजनाको सोच र करीब रु डेढ अर्ब लगानीमा नवलपरासीको रामग्राम नगरपालिकाको हाक्यु क्षेत्रमा सन् २०१७ मा कङ्क्रिटो उद्योग स्थापना भएको थियो। एशियन कङ्क्रिटो पूर्णरूपमा जर्मनीको मासा कम्पनीको प्लान्ट हो। मासा विश्वमा ब्लक उत्पादन गर्ने कम्पनीमा सबैभन्दा राम्रो प्रविधि प्रयोग गर्ने कम्पनीका रूपमा चिनिन्छ। मासा कम्पनीलाई नेपालमा उद्योग लगाउन कन्भिन्स गर्न उद्योगका लगानीकर्तालाई समय पनि लाग्यो।

गुणस्तरीय ब्लक उत्पादन गर्ने कम्पनीमध्ये जर्मनीको मासा कम्पनी रहेको थाहा पाएपछि प्रविधिबारे बुझ्न उनीहरूको टोली जर्मनी गयो। "लामो समयको प्रयासपछि सो प्रविधि नेपाल भित्र्याउन सफल भयौं। जर्मन कम्पनीले हामीलाई विश्वास नगर्दा धेरै दुःखका साथ हामीले मासा नेपालमा प्लान्ट लगाउन मेशिन ल्याएका हौं" –उनले भने–"अहिले पनि उद्योगको उत्पादन प्रक्रियाबारे जर्मनी कम्पनीले प्रत्यक्ष जानकारी लिइरहेको हुन्छ। उद्योगको प्लान्ट र अन्य ठाउँमा गरेर ३६ वटा क्यामरा जडान गरेका छौं। हामीले गरेको कामको प्रत्यक्ष निगरानी जर्मनी कम्पनीले नै गर्ने गर्छ।"




**गुणस्तर प्रमाणित**

नेपाली कच्चा पदार्थ उपयोग गर्दै विभिन्न ३० प्रकारका निमार्णजन्य वस्तुको उत्पादन गर्दै आएको सो कम्पनीले नेपाल गुणस्तर तथा नापतौल विभागबाट नेपाल गुणस्तर (एनएस) पाएको छ। विभागले कङ्क्रिटो उद्योगका रूपमा पहिलोपटक नै एशियन कम्पनीलाई एनएस दिएको हो। कम्पनीले कङ्क्रिटका इन्टरलक पेभर, कर्बस्टोन, कङ्क्रिट टायल, होलो ब्लक, ब्रिक, ग्रास पेभर्स, स्ल्याब, ड्रेनलगायत ३० प्रकारका निर्माण सामग्री उत्पादन गर्दै आएको बताइएको छ। यसअघि युरोपेली र भारतीय मापदण्ड अनुसार मात्र निर्माणजन्य सामग्री उत्पादन गर्दै आएको कम्पनीले अब नेपाली मापदण्डमा समेत निर्माण गर्न शुरू गरेको बताएको छ।

**गौरवका आयोजनामा प्रयोग**

सो कम्पनीले उत्पादन गरेका कङ्क्रिटका निर्माण सामग्री राष्ट्रिय गौरवका आयोजनादेखि सडकपेटीसम्म प्रयोगमा ल्याइएको छ। कालोपत्रको विकल्पका रूपमा शहरका भित्री सडकमा कङ्क्रिटका निर्माण सामग्रीको प्रयोग भएमा शहरी सौन्दर्य बढ्नाका साथै वातावरणमैत्री हुने, वर्षाको पानी जमीनमुनि पठाउन सकिने र फोहोरमैला नदेखिने र एकपटक प्रयोग गरेपछि पुनः प्रयोगमा ल्याउन सकिने भएकाले यसको उपयोगिता निकै रहेको उनको भनाइ छ।

उद्योगका अनुसार गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल, पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलमा, पथलैया–वीरगंज ६ लेनको सडक, बारा–पर्सा जनता आवास, इटहरी–विराटनगर छ लेन सडक परियोजना, मदन भण्डारी लोकमार्ग, सिभिल हस्पिटल, अम्ब्रेला स्ट्रीट भरतपुर, पोखराको चिप्लेढुङ्गा, विपीचोक, पोखरा लेकसाइडको शान्तिनगर, ललितपुरलगायत देशैभरका विभिन्न आयोजनामा समेत प्रयोग हुँदै आएको कम्पनीका अध्यक्ष रुँगटाले जानकारी दिए।

**उद्योगी जाटियाको निधन**

उद्योगी तथा व्यवसायी अनिल जाटियाको निधन भएको छ। एशियन कङ्क्रिटोका सञ्चालकसमेत रहेका जाटियाको मङ्गलवार राति हृदयाघातबाट निधन भएको पारिवारिक स्रोतले जनाएको छ। सो कम्पनीले नापतौल तथा गुणस्तर विभागबाट एनएस पाएको सार्वजनिक गर्न मङ्गलवार दरबारमार्गको एक होटेलमा आयोजना गरेको पत्रकार भेटघाट कार्यक्रममा उनीसमेत सहभागी थिए।

अन्ठाउन्न वर्षीय जाटियाको होटेलमा नै हृदयाघात भएपछि तत्काल उपचारका लागि शिक्षण अस्पताल महाराजगंज पुर्‍याइएको थियो। उपचारकै क्रममा उनको निधन भएको कम्पनीका अध्यक्ष रुँगटाले जानकारी दिए।

# सिमरा–पोखरा उडानको उद्घाटन

प्रस, वीरगंज, १६ भदौ ⁄

गण्डकी प्रदेशका पर्यटनमन्त्री फणिन्द्र शर्माले औद्योगिक क्षेत्र र भारतीय पर्यटकको लागि सिमरा–पोखरा उडान सहज हुने बताएका छन्।



तस्वीरः फाइल

बुद्ध एयरले बुधवारदेखि सञ्चालनमा ल्याएको सिमरा–पोखरा सीधा उडानको उद्घाटन गर्दै मन्त्री शर्माले पर्सा–बारा औद्योगिक क्षेत्र र भारतीय सीमावर्ती क्षेत्रबाट पर्यटकहरू सिमरा भई पोखरा सीधा उडान जान अबका दिनमा सहज हुने बताए।

यसले पोखराको पर्यटन क्षेत्रमा ठूलो टेवा पुग्ने उनले विश्वास व्यक्त गरे। पोखराबाट बुद्ध एयरको उडानबाट मन्त्री शर्मा सिमरा आएका थिए।

सिमरा विमानस्थलमा प्रदेश २ का पर्यटनमन्त्री रामनरेश यादवले पर्यटकीय पोखरासँगै प्रदेश २ को हवाई सम्पर्क अन्य पर्यटकीय क्षेत्रमा पनि जोडिन पहल भइरहेको बताए। सिमरा–पोखरा हाललाई सातामा दुई दिन आइतवार र बुधवार दिउँसो १:१५ बजेको उडान तालिका छ।

# पचरौतामा कालीमाईको मूर्ति फेला

प्रस, सिम्रौनगढ, १६ भदौ ⁄

बारा, पचरौतामा माटो खन्ने क्रममा कालीमाईको मूर्ति फेला परेको छ। पचरौता टोल कुडुवा निवासी शिवबालक मुखिया बिनले थुपारेको माटोबाट कालीमाईको मूर्ति फेला परेको हो।

बरामद मूर्ति सिम्रौनगढको रहेको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ। चार महिनाअघि सिम्रौनगढ–४ हरिहरपुरमा विष्णु भगवान्को विशाल मूर्ति फेला परेको ठाउँबाट पचरौताका बिनले माटो कोडेर लगेका थिए। सोही माटोबाट कालीमाईको मूर्ति फेला परेको बताइएको छ।


तस्वीरः प्रतीक

१३ इन्च लामो १२ इन्च चौडा ३ इन्च मोटो कालीमाईको मूर्ति फेला परेको र सो मूर्तिलाई सिम्रौनगढ–४ हरिहरपुरस्थित कमलेश्वर महादेव मन्दिरमा बुझाइएको स्थानीय ध्रुव सहनीले बताए।

# कोरोना महामारी : नियमित खोप कार्यक्रम प्रभावित

काठमाडौं, १५ भदौ ⁄ रासस

कोरोना भाइरस सङ्क्रमणको बढ्दो जोखिमका कारण बालबालिकालाई नियमित लगाउनुपर्ने खोप प्रभावित भएको छ।

स्वास्थ्य सेवा विभागले नियमित खोप सञ्चालन गरे पनि अभिभावकले कोरोना भाइरस सङ्क्रमणको बढ्दो जोखिमका कारण बालबालिकालाई खोप केन्द्रसम्म नल्याउँदा खोप कार्यक्रम प्रभावित भएको हो।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले खोप लगाउन छुटेका बालबालिकालाई खोप लगाउन अभिभावकलाई आग्रह गरेको छ। मन्त्रालयका सहप्रवक्ता डा समीरकुमार अधिकारीले कोरोना महामारीका बेला खोप लगाउन छुटेका बालबालिकालाई नियमित खोप कार्यक्रममा सहभागी गराउन सम्बन्धित सबै पक्षसँग आग्रह गरे।

स्वास्थ्य सेवा विभागको परिवार कल्याण अन्तर्गत खोप तथा बाल स्वास्थ्य शाखाका जनस्वास्थ्य अधिकृत वसन्त श्रेष्ठले ७० प्रतिशत बालबालिकाले मात्र नियमित खोप लगाएको जानकारी दिए। उनले सबै मानिस कोभिड–१९ विरुद्धको खोपमा केन्द्रित हुँदा खोप लगाउन छुटेको बताए।



उनले भने, "कोरोना भाइरस सङ्क्रमणको समयमा हामीले नियमित खोप सञ्चालन गर्दा पनि अभिभावकले आफ्ना बालबालिकालाई खोप लगाउन ल्याएनन्।" उनका अनुसार सामान्य अवस्थामा पनि ९० प्रतिशत बालबालिकाले मात्र नियमित खोप लगाउने गरेका छन्।

शाखाका जनस्वास्थ्य अधिकृत श्रेष्ठले खोपले बाल मृत्युदर घटाउन ठूलो भूमिका खेल्ने भएकोले बालबालिकालाई खोप लगाउन आग्रह गरे। मन्त्रालयले कोरोना महामारीको समयमा सञ्चालन हुने नियमित खोप अभियानमा आफ्ना बालबालिकालाई खोप नछुटाउन सबैलाई आग्रह गरेको छ।

विभागले जन्मदेखि पाँच वर्षसम्मका बालबालिकालाई विभिन्न सङ्क्रामक रोगविरुद्ध, बाल मृत्युदर कम गर्न र कुपोषणबाट बच्नका लागि विभिन्न १२ प्रकारका खोप लगाउँदै आएको छ।

विसं २०३४ बाट बिसिजी, डिपिटीलगायत शुरू गरिएको खोपको नियमित अभियान अन्तर्गत अहिलेसम्म बालबालिकालाई विभिन्न १२ प्रकारका खोप दिँदै आइएको छ। विसं २०४५ मा बिसिजी र डिपिटी खोप सबै जिल्लामा लागू गरिएको थियो। विसं २०६० मा पुनः छ प्रकारका खोप हेपाटाइटिस–बी, निमोनिया, जापानिज इन्सेफ्लाइटिसलगायत दिन थालिएको हो। जन्मिने बित्तिकै बिसिजी खोप, छ हप्ताभित्रमा रोटा, पोलियो, एफआइपिभी, पिसिभी, डिपिटी, हेप बी–हिब, नौ महिनामा पिसिभी, दादुरा–रुबेला, १२ महिनामा जापानिज इन्सेफ्लाइटिस र १५ महिनामा दादुरा–रुबेला खोप लगाउने गरिन्छ।

यस्तै, जन्मेको एक महिनाभित्र सरकारले पेन्टाभ्यालेन्स (बिसिजी, हेपाटाइसिट–बी, लहरेखोकी, भ्यागुते रोग र इन्फ्लुएन्जा) रोगविरुद्धको खोप दिने गर्दछ। सन् २०१६ को राष्ट्रिय जनसाङ्ख्यिक स्वास्थ्य तथ्याङ्क अनुसार एक वर्षमुनिका बाल मृत्युदर ३२ प्रतिशत र पाँच वर्षमुनिका बालबालिकाको मृत्युदर ३९ प्रतिशत रहेको छ।


मूर्ति विसर्जन गर्न कल्टुपोखरी लगिदैः श्रीकृष्ण जन्माष्टमी पर्वका अवसरमा बनाइएका माटाका कलात्मक मूर्ति सप्तरीको राजविराज–३, सर्वोदय टोलस्थित कल्टुपोखरीमा बुधवार विसर्जन गर्न लगिदै । तस्बिरः रासस

# डिल फुटेर माछा बग्यो

प्रस, सिम्रौनगढ, १६ भदौ ⁄

सिम्रौनगढ नगरपालिका–५ ठूलो इटवालस्थित धोबिनिया पोखरीको डिल फुटेर रु सात लाखको क्षति भएको छ। केही दिनदेखि परेको पानीले पोखरी भरिएको र दक्षिणतर्फको डिल फुटेर माछा बगेको बताइएको छ।


तस्वीरः प्रतीक

एक बिघा ९ कट्ठा क्षेत्रफलमा रहेको सो पोखरीमा राखिएको भुराहरू बगेको ठेकेदार खगेन्द्र गुप्ताले बताए। पाँच वर्षको लागि गुप्ताले सो पोखरी रु २० लाखमा ठेक्का लिएका छन्।

# मन्त्री यादवद्वारा पदभार ग्रहण

धनुषा, १६ भदौ ⁄ रासस

प्रदेश २ को अर्थ मन्त्रालयबाट भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको जिम्मेवारी सम्हालेका मन्त्री विजय यादवले बुधवार पदभार ग्रहण गरेका छन्। यादवले आज जनकपुरधामको मुर्ली चोकस्थित भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय पुगेर पदभार सम्हालेका हुन्।



सो अवसरमा मन्त्री यादवलाई मन्त्रालयका सचिव र अन्य कर्मचारीहरूले स्वागत गरेका थिए।

प्रदेश २ का मुख्यमन्त्री लालबाबू राउत गद्दीले १३ भदौमा दुईजना मन्त्रीको जिम्मेवारी हेरफेर गरेका थिए। मुख्यमन्त्री गद्दीले भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री शैलेन्द्रप्रसाद साहलाई अर्थ र अर्थमन्त्री विजय यादवलाई भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको जिम्मेवारी दिएका थिए। अर्थ मन्त्रालयको जिम्मेवारी पाएका मन्त्री साहले १४ भदौमा पदभार ग्रहण गरेका थिए।

# कुटपिटबाट महिलाको मृत्यु

लहान, १६ भदौ ⁄ रासस

सिराहाको कल्याणपुर नगरपालिका–९ डुमरीमा बुधवार बिहान दुई परिवारबीच विवाद हुँदा एकजना महिलाको मृत्यु भएको छ। सामान्य विषयलाई लिएर दुई परिवारबीच विवादसँगै कुटपिट हुँदा ६५ वर्षीया भालसैरदेवी यादवको मृत्यु भएको प्रहरीले जनाएको छ।

विवाद बढेर कुटपिट हुँदा भारसैरदेवीको घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय, सिराहाका प्रवक्ता प्रहरी नायब उपरीक्षक सुभाष बुढाथोकीले जानकारी दिए।

भारसैरदेवीको मृत्यु भएलगत्तै कुटपिटमा संलग्न भएको आरोप लागेका जयकुमार र श्रीदेव फरार भएको प्रनाउ बुढाथोकीले बताए। भारसैरदेवीको शव परीक्षणका लागि लहानस्थित रामकुमार उमाप्रसाद स्मारक अस्पताल ल्याइएको छ।

# अन्तर्राष्ट्रिय समाचार

## भारतमा थप ४१ हजार ९६५ जना कोरोना भाइरस सङ्क्रमित

नयाँ दिल्ली, १६ भदौ/एएनआई

भारतमा कोरोना भाइरसबाट मङ्गलवार थप ४१ हजार ९६५ जना सङ्क्रमित भएका छन्।


तस्वीरः फाइल

सोही अवधिमा ४६० जनाको मृत्यु भएको केन्द्रीय स्वास्थ्य मन्त्रालयले बुधवार जानकारी दिएको छ। कोरोना भाइरसबाट सङ्क्रमित भएकामध्ये अहिलेसम्म चार लाख ३९ हजार २० जनाको मृत्यु भएको पनि मन्त्रालयले जनाएको छ।

पछिल्लो २४ घण्टामा देशभरका सङ्क्रमितमध्ये केरलामा मात्रै ३० हजार २०३ जना सङ्क्रमित भएका अधिकारीले जनाएका छन्। सोही अवधिमा केरलामा ११५ जनाको मृत्यु भएको छ।

अहिलेसम्म कुल तीन करोड १९ लाख ९३ हजार ६४४ जना कोरोना भाइरसमुक्त भएका छन्। तीमध्ये ३३ हजार ९६४ जना पछिल्लो २४ घण्टामा सङ्क्रमणमुक्त भएका हुन्। भारतमा कोरोना सङ्क्रमितको कुल सङ्ख्याको ९७.५१ प्रतिशत कोरोना सङ्क्रमणबाट निको भएका छन्।

भारतमा अहिलेसम्म कुल सङ्क्रमित तीन करोड २७ लाख ६८ हजार ८८० जना पुगेका मन्त्रालयले बुधवार जनाएको छ। कुल सङ्क्रमितमध्ये तीन लाख ७८ हजार १८१ जना अहिले पनि सङ्क्रमित अवस्थामैं रहेका छन्। यो सङ्ख्या कुल सङ्क्रमितमध्येको १.१५ प्रतिशत हो।

भारतमा कोरोना भाइरस शुरू भएदेखि हालसम्म ५२ करोड ३१ लाख ८४ हजार २९३ व्यक्तिलाई कोरोना भाइरसको परीक्षण गरिएको छ। मङ्गलवार एकै दिन १६ लाख छ हजार ७८५ जना कोरोना परीक्षण भएको समाचारमा जनाइएको छ।

यहाँ गएको जनवरी १६ बाट कोरोना भाइरसविरुद्ध खोप अभियान शुरू गरिएको थियो। सो समयदेखि हालसम्म ६४ करोड ४१ लाख कोरोनाविरुद्ध खोप लगाइएको समाचारमा जनाइएको छ। गत अगस्तभर मात्र १८ करोड तीन लाख डोज कोरोनाविरुद्ध खोप लगाइएको सरकारी अधिकारीले जानकारी दिएका छन्। रासस

## अफगानिस्तानका लागि सहयोग गर्न पाकिस्तानको आग्रह

इस्लामाबाद, १६ भदौ/सिन्हवा

अफगानिस्तानको अहिलेको अवस्थाको मध्यनजर गरेर यहाँका नागरिकका लागि आवश्यक सहयोग गर्न पाकिस्तानले आग्रह गरेको छ।


पाकिस्तानका विदेशमन्त्री शाह मोहमद कुरेसी। तस्वीरः सिन्हवा

पाकिस्तानका विदेशमन्त्री शाह मोहमद कुरेसीले सो कुरा बताएका हुन्। उनले खासगरी अफगान नागरिकआफ्नै देशमा बसेर न्यूननम आवश्यकता पाउन सक्ने वातावरण बताउनुपर्ने बताए।

उनले यस अवस्थाका लागि आवश्यक सहयोग गर्नुपर्ने भन्दै यसका लागि विश्व समुदायसमक्ष उनले जोड दिएका हुन्। विदेशमन्त्री कुरेसीले उनका जर्मन समकक्षी केइको मासले पाकिस्तानले विगत लामो समयदेखि अफगान शरणार्थीलाई आश्रय दिइरहेको बताए।

हाल पाकिस्तान भ्रमणमा रहेका जर्मन विदेशमन्त्री माससँगै पाकिस्तानको राजधानी इस्लामाबादमा आज आयोजना गरिएको संयुक्त पत्रकार सम्मेलनमा उनले सो कुरा बताएका हुन्।

उनले भने–हामीले दशकौं पहिलेदेखि अफगानिस्तानका दशौं लाख शरणार्थीलाई शरण दिइरहेका छौं र यसका लागि हामीले कसैबाट आवश्यक आर्थिक सहयोग प्राप्त गर्न सकिरहेका छैनौं।

यतिखेर अफगानिस्तानको अवस्था अत्यन्तै नाजुक रहेको र इतिहासमा नै यो देश अहिले नयाँ मोडमा उभिएकोले आगामी दिनमा यहाँका नागरिकको सहयोग तथा अन्य व्यवस्थाका लागि विश्व समुदाय एक हुनुपर्ने पनि उनले बताए।

उनले अफगानिस्तानमा यस्तो अवस्था आएको छ कि त्यहाँका नागरिक अहिले मानवीय सहायताको पर्खाइमा छन् र उनीहरूलाई आवश्यक मात्रामा सहयोग गर्नुपर्ने कुरामा जोड दिएका छन्। रासस

## कोभिड–१९ का कारण संसद् विघटन हुँदैन : प्रधानमन्त्री सुगा

टोकियो, १६ भदौ/सिन्हवा

जापानका प्रधानमन्त्री यासिहीदे सुगाले अहिले नै जापानी संसद्को तल्लो सभा हाउस अफ रिप्रेजेन्टेटिभ विघटन नहुने बताएका छन्।

प्रधानमन्त्री सुगाले राजधानी टोकियोमा आयोजित एक कार्यक्रममा आज सो कुराको जानकारी दिएका हुन्। जापानमा पछिल्लो समयमा कोभिड–१९ को सङ्क्रमण बढ्दै गएको र यसका कारण राजनीतिक दल र नागरिकले पनि सरकारको विरोध गर्ने गरेका छन्।

यहाँका विभिन्न विपक्षी राजनीतिक दलले यही कारणले संसद् विघटन पनि हुन सक्ने बताएका थिए। दलको यही आशङ्काबीच प्रधानमन्त्री सुगाले संसद् विघटनको कार्यक्रम नरहेको स्पष्ट गरेका हुन्।



उनले अहिले नै संसद् विघटन नहुने र प्रतिनिधिसभा निर्वाचन पूर्वनिर्धारित समयतालिका बमोजिम नै हुने पनि जानकारी दिएका हुन्। रासस

### आजको राशिफल

| राशि | फल | राशि | फल |
|---|---|---|---|
| मेष | मित्रमिलन | वृष | कान्तिक्षय |
| मिथुन | सुयश | कर्कट | खर्चवृद्धि |
| सिंह | धनलाभ | कन्या | सफलता |
| तुला | ईश्वरभक्ति | वृश्चिक | रोगभय |
| धनु | व्यापारवृद्धि | मकर | शत्रुभय |
| कुम्भ | कार्यनाश | मीन | भयचिन्ता |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो: ३:४० बजे


## अदालतको आदेशपछि तुरहाको घर खाली गराइयो

प्रस, परवानीपुर, १६ भदौ/

प्रहरी प्रशासनको सहयोगमा वीरगंजका राजेन्द्र साह तुरहाको घर खाली गराइएको छ। वीरगंज–९ रानीघाटस्थित रेलवे माध्यमिक विद्यालयभन्दा सय मिटर पश्चिममा रहेको १ कट्ठा ६ धुर क्षेत्रफलको भोगचलन गर्दै आएको घर खाली गराइएको हो। सोही ठाउँ बस्ने जवाहरप्रसाद कलवारकी पत्नी मधुदेवी कलवारिनले उक्त जग्गा खरीद गरेको र भोगचलनको सवालमा अदालतमा मुद्दा चलिरहेको अवस्थामा अदालतले घर तथा जग्गा खाली गर्ने आदेश गरेको र सोही आदेश अनुसार जग्गा खाली गराइएको वीरगंज महानगरका प्रमुख विजयकुमार सरावगीले जानकारी गराए।


तुरहाको घर खाली गराउने क्रममा विवाद हुँदै। तस्वीरः प्रतीक

उक्त जग्गा स्व रूकुम शमशेर जबराको परिवारको भएको र केही वर्षअघि उक्त जग्गा कलवारिनले उनको नातेदारबाट खरीद गरेको तर भोगचलन गर्न नसकेकोले अदालतमा गएको बताइन्।

यता, तुरहाले तीन पुस्तादेखि आफूहरूले उक्त जग्गामा बसोबास गरी गौशाला पनि सञ्चालन गर्दै आएको तथा पुनरावेदनको लागि अदालतमैं मुद्दा चलिरहेको अवस्थामा राजनीतिक दबाबमा घरजग्गा खाली गराएको भन्दै प्रहरी प्रशासनको प्रतिवाद गरेका थिए। तुरहाको परिवारले शुरूमा घर खाली गर्न मानेको थिएन। प्रहरीले उनलाई नियन्त्रणमा लिएको छ। साथै, घरभित्रका सामग्री निकालेर फालेको छ। घर खाली गर्न नमानेपछि प्रहरी र तुरहाको परिवारबीच झडपसमेत भएको थियो।

## स्थानीय सरकार भ्रष्टाचारमा लिप्त –नेता गुप्ता

प्रस, वीरगंज, १६ भदौ/

संविधानसभा सदस्य एवं नेकपा एमाले पर्साका नेता राजकुमार गुप्ताले स्थानीय सरकार भ्रष्टाचारमा लिप्त रहेको आरोप लगाएका छन्।



तस्वीरः सौजन्य




सखुवाप्रसौनी गाउँपालिका–३ मा एमालेले आयोजना गरेको कार्यक्रममा उनले पालिकाका जनप्रतिनिधिहरू जनसेवा र विकासभन्दा भ्रष्टाचारमा लिप्त रहेको आरोप लगाए। नेता गुप्ताले साढे चार वर्षमा स्थानीय तहले गाउँको विकास गर्न नसकेकोमा दुःख व्यक्त गरे।

पकाहामैनपुर गाउँ कमिटीका अध्यक्ष अखलेश साहको अध्यक्षता तथा एमाले केन्द्रीय सदस्य निर्मला देवकोटाको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा जिल्ला अध्यक्ष प्रभु हजरा, प्रदेश कमिटी सदस्य तेजप्रकाश निषाद, सचिव मनोज गुप्ता, वीरगंज महानगरका अध्यक्ष डा विश्वम्भर शर्मा, महम्मद निजाम, रामकिशोर सिंह परागलगायतको सहभागिता थियो। यसैगरी, पटेर्वासुगौली गापा–२ स्थित थारू धर्मशालामा एमालेको पालिकास्तरीय भेला भएको छ। फरमान मियाँ अन्सारीको अध्यक्षता तथा केन्द्रीय सदस्य निर्मला देवकोटाको प्रमुख आतिथ्यमा भेला सम्पन्न भएको थियो।

## ठाराब क्याम्पसका उत्कृष्ट विद्यार्थी पुरस्कृत

प्रस, वीरगंज, १६ भदौ/

ठाकुर राम बहुमुखी क्याम्पस वीरगंजमा अध्ययनरत २०७६ सालका दुईजना विद्यार्थीलाई उत्कृष्ट नतीजा ल्याएकोमा पुरस्कृत गरिएको छ।



तस्वीरः प्रतीक

विज्ञान सङ्कायतर्फ उत्कृष्ट भएका निशा कर्ण र नितेशकुमार पटेललाई जनही रु २५ हजार नगदसहित नगरप्रमुख विजयकुमार सरावगीले पुरस्कृत गरे। ठाराब क्याम्पसका पूर्वविद्यार्थी हाल अमेरिका निवासी मनीष श्रेष्ठले जीवित आमाबुबा चन्द्रबहादुर श्रेष्ठ र विमलादेवी श्रेष्ठको नाममा अक्षयकोष स्थापना गरी सोही कोषबाट पुरस्कार वितरण गरिएको हो।

सो अवसरमा नगरप्रमुख सरावगीले ठाराब क्याम्पसजस्तो देशकै पुरानो क्याम्पसमा अक्षयकोष स्थापना गरी पहिलोपटक विद्यार्थीलाई पुरस्कृत गरिएकोमा खुशी व्यक्त गरे। उनले क्याम्पसले सबै सङ्कायका उत्कृष्ट विद्यार्थीलाई पुरस्कृत गर्नुपर्नेमा सो नगरेको भनी दुःख व्यक्त गरे। उनले अबका दिनमा विद्यार्थीहरूको हौसला बुलन्द गर्न कोष स्थापना गरी पुरस्कारको व्यवस्था गर्न क्याम्पस प्रमुख डा उमेश चौरसियालाई सुझाव दिए।

कार्यक्रममा अक्षयकोष स्थापना गर्ने मनीष श्रेष्ठ, उनका मातापिता भिडियो कन्फ्रेन्समार्फत कार्यक्रममा सहभागी थिए। कार्यक्रममा गीता श्रेष्ठ, घनश्याम चौरसियालगायतको सहभागिता थियो।

# मानव सेवा आश्रममा ५० जना मनोरोगी

प्रस, वीरगंज, १६ भदौ/

मानव सेवा आश्रम वीरगंजमा नौजना पुरुष र दुईजना महिला गरी ५० जना छन्। मनोरोगीहरूमध्ये २६ जना सहयोग रहँदै आएको छ। मनोरोगीमध्ये कलैया उपमहानगरको मोतीसर निवासी



मानव सेवा आश्रम वीरगंजका आश्रितहरूलाई हेरचाह गर्दै। तस्वीरः सौजन्य

आश्रित ५५ जना बालबालिका, युवा, वृद्धमध्ये ५० जना मनोरोगी छन्। मानव सेवा आश्रम वीरगंजकी संयोजक सानु मानव सेवाले दुईजना बालबालिका, तीनजना वृद्ध गरी पाँचजनाबाहेक ५० जना मनोरोगी भएको र उनीहरूले नियमित औषधि सेवन गरिरहेको बताइन्।

५० जना मनोरोगीमध्ये १५ देखि ६० वर्षमुनिका २४ जना महिला, सोही उमेर समूहका १५ जना पुरुष, ६० देखि माथिका आफ्नो नामसमेत भन्न नसक्ने अवस्थाका छन् भने २४ जना आश्रमले दिएको नाम भन्न सक्ने अवस्थामा पुगेका छन्। उनीहरू कसैलाई पनि आफ्नो नाम, ठेगाना थाहा छैन। आश्रममा नियमितरूपमा उनीहरूलाई सातपटक हाजिरी गराइन्छ र नाम रट्न लगाइने संयोजक सानुले बताइन्।

मनोरोगीहरूलाई डा भरत गोइतले मासिक दुईपटक चेकजाँच गर्छन्। आकस्मिक चेकजाँचमा पनि उनकै जोगेश्वर ठाकुरको अवस्था अहिले सबैभन्दा राम्रो भएको छ। चार वर्षदेखि फलामको सिक्रीमा बाँधिएर एकै ठाउँमा खाने, शौच गर्दै आएका उनको २०७८ जेठ २१ गते मानव सेवा आश्रमले उद्धार गरेको थियो।

तीन महीनाको अवधिमा जोगेश्वर अहिले नाचगानसमेत गर्न सक्ने भएका छन्। खाटमैं बस्दै आएका उनले अहिले हिंड्ने र नाचगान गर्ने गरेको संयोजक सानुले बताइन्।

# एक सातामा १० जना सङ्क्रमित पुष्टि



प्रस, वीरगंज, १६ भदौ/

नारायणी अस्पतालको पिसिआर प्रयोगशालाले गत एक सातामा १० जना सङ्क्रमित पुष्टि भएको बताएको छ।

अस्पतालका कोभिड संयोजक डा उदयनारायण सिंहले भदौ १० देखि १६ गतेसम्म १० जना सङ्क्रमित पुष्टि भएको बताए। उनले सङ्क्रमित पुष्टि हुनेमा पर्साका पाँच, बाराका चार र रौतहटका एक गरी १० जना रहेको बताए। यो अवधिमा २८० जनाको स्वाब परीक्षण गरिएको उनले बताए। नारायणी अस्पतालको पिसिआर प्रयोगशालामा १२ गते ७८ जनाको स्वाब परीक्षण गर्दा कोही सङ्क्रमित पुष्टि भएनन्। त्यसैगरी, १३–१४ गते पनि सङ्क्रमित पुष्टि भएनन्। कोभिड संयोजक डा सिंहले बुधवार ५३ जनाको स्वाब परीक्षण गर्दा पर्साका एकजना सङ्क्रमित भएको बताए।




## ठोरी गापा ............

छन्। यही कारण अहिले धारामा मानिसहरूको बिहानैदेखि लाम लाग्न थालेको छ।

स्थानीय सावित्री श्रेष्ठले बिहान ५ बजेदेखि नै मानिसहरू धारामा लामबद्ध हुने गरेको बताइन्। उनले घरका अन्य काम छाडेर तीन दिनदेखि पानीको समस्यामा महिलाहरू रुमलिनुपरेको बताइन्। उपभोक्ता समितिका अध्यक्ष पाख्रिनले खानेपानी आयोजना सुचारु गर्न अझै दुई/तीन दिन लाग्ने बताए। आज भल्भ चेम्बर निकाल्ने र भोलि मरम्मत गरेपछि शुक्रवारदेखि पानी पूर्ववत्रूपमा सञ्चालन हुने बताए।

वडा नं ४ मा खानेपानीको ओभरहेड टङ्कीको निर्माण काममा ढिला हुँदा स्थानीयले खानेपानीको समस्या झेल्नुपरेको हो। जङ्गलभित्रबाट ल्याइएको पानी पिउन अयोग्य भएपनि वर्षौंदेखि सोही पानी उपभोग गर्न यहाँका बासिन्दा बाध्य छन्। जङ्गलभित्रको मुहान कहिले हात्तीले भत्काउने, कहिले बिग्रने जस्ता समस्याले यहाँका मानिसहरू पानीको अभाव झेल्दै आएका छन्।

# खेलकूदको संसार

## सादनीदेखि ‘वर्ल्ड च्याम्पियनसिप’ सम्म

महेन्द्रनगर, १६ भदौ/रासस

एघार वर्षअघि डडेल्धुराको परशुराम नगरपालिका–७ सादनीका नरेन्द्र चुनारा परिवारसहित व्यापार/व्यवसाय गरेर जीविका चलाउने सपना बोकेर कञ्चनपुर, महेन्द्रनगर झरे।



कुस्ती खेलाडी सुरेश चुनारा। तस्वीरः रासस

दुई छोरा, एक छोरी र पत्नीसहित महेन्द्रनगरमा डेरा गरी बसेका नरेन्द्रले अहिले पनि सामान्य व्यापार गरेर जीविका चलाइरहेका छन्। घर छाडेर बसाइँ सरेको दशक नपुग्दै जेठा छोरा सुरेश चुनाराले खेल क्षेत्रमा फड्को मार्दा परिवारको खुशीको सीमा नै छैन।

सादनी जोगबुढाको सबैभन्दा विकट गाउँ हो। जहाँ अहिले पनि सडक पूर्वाधारलगायत कुनै पनि सुविधा पुग्न सकेको छैन। “अन्धकार गाउँमा बसेर छोराछोरीको भविष्य कस्तो होला सोचेर महेन्द्रनगर आएको थिएँ” –नरेन्द्रले भने– “छोरा सुरेश सुदूरपश्चिमबाट पहिलोपटक कुश्तीमा वर्ल्ड च्याम्पियनशिप खेल्ने खबर सुन्दा हर्षित छौं।”

कुश्तीमा आठ वर्षदेखि सक्रिय भएर लागेका २१ वर्षीय सुरेश मुलुकको प्रतिनिधित्व गर्दै आगामी अक्टोबरमा नर्वेमा हुने वर्ल्ड च्याम्पियनशिपमा प्रतिस्पर्धीका रूपमा सहभागी हुँदैछन्। हाल काठमाडौंको त्रिभुवन आर्मी क्लबमा आबद्ध सुरेशले ७४ किलो तौल समूहमा वर्ल्ड च्याम्पियनशिपमा प्रतिस्पर्धा गर्ने बताए।

“पहिलो चरणमा दुई खेलाडी क्वालिफाइ भएका छौं” –उनले भने– “साग खेलपछि पनि नियमित प्रशिक्षणमा रहेकाले नतीजा राम्रै आउनेमा आशावादी छु।” मेहनती खेलाडीका रूपमा परिचित सुरेशले १३औं दक्षिण एशियाली खेलकूद प्रतियोगितामा कांस्य पदक जितेका थिए।

उनले कुश्तीमा ३४ वर्षपछि नेपाल वर्ल्ड च्याम्पियनशिपमा सहभागी हुन थालेको बताए। “अरू देशका खेलाडी पनि हामीजस्तै हुन्, उनीहरूको प्रशिक्षण स्तरीय होला आफ्नो ठाउँमा छ” –उनले भने– “हामीले पनि आफूलाई कहिल्यै कमजोर ठान्नुहुन्न।”

आफ्नो उमेर समूहमा राष्ट्रियस्तरका प्रतियोगितामा चार स्वर्ण जितिसकेका सुरेशले खेलजगत्बाटै नाम र दाम कमाउन सकिने बताए। “बुबाले महेन्द्रनगरमा डेरा गरी जीविका चलाउने गरेकाले उनको परिश्रम खेर जान नदिने अठोटका साथ खेल क्षेत्र रोजेको हुँ”–उनले भने– “अझ बाह्य प्रशिक्षण भए अन्तर्राष्ट्रियस्तरबाट पदक ल्याउन कुनै ठूलो कुरा छैन।

स्कूल पढ्दादेखि नै यहाँस्थित कबर्डहलमा कुश्ती खेल्न थालेका उनी खेल प्रदर्शनले नै आर्मी क्लबमा आबद्ध भएका हुन्। सुरेशसँगै उनकी बहिनी शिवानी पनि तेक्वान्दो खेलकी जुनियरतर्फकी खेलाडी हुन्। “क्लबमा आबद्ध भएर मैले पनि, सेनालाई राष्ट्रियमा स्वर्ण र सागमा कांस्य पदक दिलाएँ” –उनले भनिन्– “खेलाडी उत्पादन गाउँमुखी हुनुपर्छ।” उनले दीर्घकालीन योजना बनाएर खेलाडीलाई बन्द प्रशिक्षणमा राख्ने खालका प्याकेज ल्याउनुपर्ने बताइन्।

“एक महीना बन्द प्रशिक्षणका भरमा खेलाडीबाट पदकको आशा गर्नु बेठीक हो” –उनले भनिन्– “खेल क्षेत्रमा लागेकाको दैनिकी चल्ने रोजगारको पनि प्रत्याभूति भए यो क्षेत्र झन् फस्टाउने थियो।” केही वर्षयता मुलुकमैं अब्बल देखिएको कञ्चनपुरका कुश्ती खेलाडी राष्ट्रियस्तरमा आफ्नो वर्चस्व जमाउन थालेका छन्। साग खेलकूद प्रतियोगितामा ऐतिहासिक स्वर्ण पदक दिलाउने खेलाडी सङ्गीता धामी पनि कञ्चनपुरकै हुन्।

## नेपाल र भारतबीचको मैत्रीपूर्ण खेल बिहीवार

काठमाडौं, १६ भदौ/रासस

नेपाली राष्ट्रिय फूटबल टोलीका मुख्य प्रशिक्षक अब्दुल्लाह अलमुताइरीले भारतविरुद्धको खेल जित्नकै लागि खेल्ने बताएका छन्।

प्रशिक्षक अलमुताइरीले भारतविरुद्ध उत्कृष्ट प्रदर्शनका साथै जित्नकै लागि खेल्ने बुधवार आयोजित पत्रकार सम्मेलनमा बताए। उनले नेपालभन्दा भारत निकै बलियो भएपनि इतिहासलाई नहेरी भविष्यका लागि खेल्ने बताए।

उनले भारतविरुद्ध नेपालको विगतमा राम्रो नतीजा नभए पनि त्यसले खासै असर नपर्ने जानकारी दिए। भविष्यलाई ध्यानमा राखेर तयारीसमेत गरिरहेको र दुवै खेलमा जीत हासिल गर्ने लक्ष्य रहेको उनको भनाइ छ।

नेपालले हालसम्म भारतसँग १९ वटा खेल खेलेको छ। त्यसमा भारतले १३ खेल जित्दा नेपालले दुई खेल मात्रै आफ्नो पक्षमा पारेको छ। त्यस्तै, नेपाल र भारतबीचका चार खेल बराबरीमा सकिएको इतिहास छ।

त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा भोलि नेपालले भारतसँग पहिलो मैत्रीपूर्ण खेल खेल्दैछ। खेल साँझ ५:३० बजे शुरू हुनेछ। त्यस्तै, नेपालले भारतसँग दोस्रो मैत्रीपूर्ण खेल यही भदौ २० गते खेल्नेछ ।

मालद्विप्समा आयोजना हुने साफ च्याम्पियनशिपको तयारीका लागि नेपालले भारतसँग मैत्रीपूर्ण खेल खेल्न लागेको हो। साफ च्याम्पियनशिप आगामी असोज १५ देखि ३० गतेसम्म हुनेछ। प्रशिक्षक अलमुताइरीले आफ्नो टोलीको मुख्य लक्ष्य पनि साफ च्याम्पियनशिप नै भएको बताए।

# जगरनाथपुर र पर्सागढीका बाढीपीडितलाई राहत

प्रस, वीरगंज, १६ भदौ/

वीरगंजस्थित भारतीय महावाणिज्य दूतावासले पर्सा जिल्लाका जगरनाथपुर गाउँपालिका र पर्सागढी नगरपालिकाका बाढीपीडितलाई सहयोग गरेको छ।

भारत सरकारको सहयोगमा महावाणिज्यदूत नितेश कुमारले नेपाल–भारत महिला मैत्री समाजकी अध्यक्ष एवं सङ्घीय सांसद चन्दा चौधरीलाई दुवै पालिकाका सयजना बाढीपीडितका लागि त्रिपाल, म्याटलगायतका राहत सामग्री हस्तान्तरण गरेका थिए।

सो अवसरमा महावाणिज्य दूतावासको कार्यालयले नेपाल–भारत महिला मैत्री समाजलाई प्रदेश २ का छ जिल्लाका बाढीपीडितलाई उक्त सामग्री हस्तान्तरण गर्ने योजना रहेको बताएको छ। पर्साका साथै बारा, रौतहट, सर्लाही, महोत्तरी, धनुषामा राहत सामग्री वितरण गरिनेछ। नेपाल–भारत सहयोग अन्तर्गत भारत सरकारले मानवीय सेवा र नेपाललाई विपद्मा राहत सहयोग गरेको हो।



तस्वीरः सौजन्य

## नारायणी अस्पताल....

प्रयोगशालाको क्षेत्रमा दुई सय शय्याको कोभिड डेडिकेटेड अस्पताल निर्माण गरिरहेको छ। लिक्विड अक्सिजन प्लान्ट आइसकेको र तीन महीनाभित्र उक्त प्लान्ट पनि सञ्चालनमा आउने जनाइएको छ।

कार्यक्रमका प्रमुख अतिथि सङ्घीय सांसद श्रीवास्तवले नेपाल सरकारले वीरगंजको भौतिक पूर्वाधार निर्माणमा खासै बजेट नदिने गरेको चर्चा गरे।

उनले वीरगंजको घण्टाघर, घडीअर्वा पोखरी, शङ्कराचार्य प्रवेशद्वार, जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, नारायणी अस्पताल, नारायणी रङ्गशालालगायतका पूर्वाधारमा वीरगंजका उद्योगी–व्यवसायी र पर्साका जनता, किसान, मजदूरलगायतका लगानी र श्रमको योगदान रहेको बताए। उनले सरकारले विभेदकारी नीतिमा परिवर्तन ल्याउनुपर्ने बताए।

अस्पताल विकास समितिका अध्यक्ष पुरेन्द्रकिशोर लाभको सभापतित्वमा भएको कार्यक्रममा वीरगंज उद्योग वाणिज्य सङ्घका अध्यक्ष सुबोध गुप्ता, पर्साका प्रमुख जिल्ला अधिकारी पीताम्बर घिमिरेलगायतले मन्तव्य व्यक्त गरेका थिए।